## श्री ५ को सरकार

# कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## २०२२ सालको ऐन नं. १४

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अतितेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परमसेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## केही किसिमका मील सम्बन्धी कानूनी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः– सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा तथा आर्थिक हित कायम राख्नका लागि केही किसिमका मीलहरूका सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "मील सम्बन्धी ऐन, २०२२" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्य भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा—

(क) "मील" भन्नाले तेल, वाष्प वा विद्युत् शक्तिबाट चामल, दाल, पिठो, वा खाडसारी तयार गर्ने वा काठ चिरानी गर्ने मील सम्झनु पर्छ ।

(ख) "विभाग" भन्नाले श्री ५ को सरकारको उद्योग विभाग सम्झन पर्छ ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "स्थानीय अधिकारी" भन्नाले सम्बन्धित अञ्चलाधीश वा बडाहाकिम वा मजिष्ट्रेट सम्झनु पर्छ ।

(घ) "अनुसूची" भन्नाले यस ऐनको अनुसूची सम्झनु पर्छ ।

३. मीलको इजाजत पत्र नलिई मील राख्न नहुने:- यस ऐन बमोजिम इजाजत प्राप्त नगरी कसैले मील राख्न हुँदैन ।

४. मील राख्ने इजाजत पत्रको लागि अपनाउनु पर्ने कार्यबिधि:- (१) मील राख्न चाहने व्यक्तिले अनुसूची १ बमोजिमको ढांचामा सोही अनुसूची बमोजिमका कुराहरू खोली रू. १०।- दश दस्तुर सहित स्थानीय जिल्ला पञ्चायतमा दरखास्त दिनु पर्छ ।

(२) उप-दफा (१) बमोजिमको दरखास्त परेपछि जिल्ला पञ्चायतले दरखास्तमा लेखिएको ठाउंमा मील राख्न दिन उपयुक्त हुने वा नहुने कुराका सम्बन्धमा स्थानीय गाउँ पञ्चायतले खटाएको कम्तिमा एक जना सदस्यको रोहवरमा सर्जमिन मुचुल्का गराई सो मुचुल्का समेत साथ राखी देहायका कुरा खोली आफ्नो रिपोर्ट विभागमा पठाउनु पर्छ ।

(क) मील चालू गर्न चाहेको ठाउँ संग रहेको कुनै शिक्षालय, छात्रावास, अस्पताल वा यस्तै अन्य सार्वजनिक महत्वका बाटोघाटो, संस्था वा अड्डालाई मील चालू हुंदा असुविधा पर्न सक्ने नसक्ने के हो ?

(ख) मील चालू गर्न चाहेको ठाउं सीमाना देखि ३ मील भित्र छ छैन, र

(ग) त्यस सम्बन्धमा आफ्नो कुनै सुझाव भए सो समेत ।

(३) जिल्ला पञ्चायतबाट दरखास्त, सर्जमिन मुचुल्का र रिपोर्ट प्राप्त भएपछि देहायका अवस्थामा वाहेक विभागले मील राख्न चाहने व्यक्तिलाई स्थानीय अधिकारी मार्फत अनुसूची २ बमोजिमको इजाजत पत्र दिनेछ । त्यस्तो इजाजत पत्रको निमित्त रू. १००।- एक सय दस्तुर लाग्नेछ ।

(क) मील राख्न दिंदा मील राख्ने भनिएको ठाउंसंग रहेको शिक्षालय, छात्रावास, अस्पताल वा अन्य सार्वजनिक महत्वका बाटोघाटो संस्था वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अड्डालाई मील चालू हुँदा असुविधा पर्न सक्छभन्ने बिभागलाई लागेमा, वा

(ख) मील चालू गर्न चाहेको ठाउं सीमाना देखि ३ मील भित्र भएमा, वा

(ग) कुनै प्रचलित नेपाल कानून बमोजिम त्यस्तो इजाजत पत्र दिन नमिल्ने भएमा ।

५. मील चालू गर्नु पर्नेः– यस ऐन बमोजिम मील राख्न इजाजत पाउने ब्यक्तिले एक बर्ष भित्र मील राखी चालू गर्नु पर्छ ।

तर कुनै मनासिब कारणले गर्दा मील राख्न इजाजत पाएका ब्यक्तिले एक बर्ष भित्र मील चालू गर्न नसकेमा स्थानीय अधिकारीले निजलाई बढीमा ६ महीना सम्मको थप म्याद दिन सक्नेछ ।

६. इजाजत पत्र खारेज हुनेः– दफा ५ बमोजिमको म्याद भित्र इजाजत पत्र वालाले मील राखी चालू गर्न नसकेमा निजले पाएको इजाजत पत्र स्वतः खारेज हुनेछ ।

७. दस्तूर बुझाउनु पर्नेः– (१) इजाजत पत्रवालाले मील चालूभएको ७ दिनभित्र पहिलो पटक अनुसूची ३ मा तोकिएको दरले एक वर्षको लाग्ने दस्तूर स्थानीय अधिकारीका अफिसमा बुझाउनु पर्छ र त्यस पछि प्रत्येक वर्षको आषाढ मसान्तसम्ममा सो बमोजिमको दस्तूर प्रत्येक बर्ष सो अफिसमा बुझाउनु पर्छ ।

(२) इजाजतपत्र वालाले कुनै वर्ष उप–दफा (१) बमोजिमको दस्तूर नबुझाएमा सो मिति नाघेको ३ महीनासम्मलाई सयकडा २० जरिवाना गरी सो जरिवाना र लाग्ने दस्तूर समेत बुझी लिइने छ । सो म्यादसम्ममा पनि इजाजतपत्रवालाले सो दस्तूर र जरिवाना नबुझाएमा सो दस्तूर र जरिवानाको रकम निजबाट असूल गरिने छ र निजले मील राख्न पाएको इजाजत पत्र पनि स्थानीय अधिकारीको आदेशले खारेज हुनेछ ।

८. यो ऐन लागू हुनु अघि इजाजत पत्र पाएको मीलको दस्तूर बुझाउने म्यादः– यो ऐन जारी हुनु अघि मील राख्न इजाजत पाएको मीलका हकमा दफा ७ बमोजिमको दस्तुर पहिलो पटकलाई श्री ५ को सरकारबाट नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिएको समय भित्र र त्यस पछि दफा ७ बमोजिमको म्यादमा बुझाउंदै जानु पर्छ ।

९. अश्व शक्तिको थप घटः– कसैले मील चलाउन पाएको इजाजत पत्रमा उल्लेख भएको अश्व शक्तिमा थप घट गर्न चाहेमा स्थानीय जिल्ला पञ्चायतमा दरखास्त दिनु पर्छ र सो पञ्चायतको राय ठहरको आधार बमोजिम विभागले साविकको अश्व शक्तिमा थप घट गर्ने गरी निकाशा दिन सक्नेछ ।

१०. मील बन्द भएको सूचनाः– (१) मीलको इञ्जीन बिग्री वा अन्य कुनै कारणबाट कुनै मील बन्द हुन गई त्यसको लगत कट्टा गराउनु पर्ने भएमा मील बन्द भएको मितिले ७ दिन भित्र सो मीलवालाले स्थानीय अधिकारीका समक्ष दरखास्त दिनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) बमोजिम कुनै मीलवालाको दरखास्त परेमा स्थानीय अधिकारीले कुनै यन्त्र विशेषज्ञ भए सो विशेषज्ञ द्वारा जाँच गराई र सो नभए सर्जमिन मुचुल्का गरी आफ्नो राय ठहर सहित विभागमा पठाउनु पर्छ । स्थानीय अधिकारीले पठाएको राय ठहर बमोजिम लगत कट्टा गर्नु पर्ने भएमा विभागले मील बन्द भएको मितिदेखि सो मीलको लगत कट्टा गरी दिने छ र सो बमोजिम लगत कट्टा भएपछि सो मीलका सम्बन्धमा दफा ७ बमोजिमको वार्षिक दस्तुर बुझाउनु पर्ने छैन। ।

११ मीलको जाँच पडताल गर्नेः– कुनै मीलवालाले श्री ५ को सरकारलाई नोक्सान हुने गरी कुनै झुट्टा रिपोर्ट दिएमा वा झुट्टा रिपोट दिएको छ भन्ने शंका श्री ५ को सरकारलाई लागेमा स्थानीय अधिकारीले वा विभागले त्यसको जाँच बुझ गर्न गराउन सक्नेछ ।

१२. मजदूरलाई सुविधाः– मीलमा काम गर्ने मजदूरहरूको सुविधा तथा सुरक्षा र मालिक मजदूरका वीच हुने झगडाका सम्बन्धमा कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी ऐन, २०१६ बमोजिम हुनेछ ।

१३. दण्ड सजायः– (१) यो ऐन बमोजिम इजाजत पत्र नलिई कसैले मील राखे वा चालू गरेमा स्थानीय अधिकारीले सो मील तुरून्त बन्द गराई मील राख्ने वा चालू गर्ने व्यक्तिलाई रू १,०००।– एक हजार सम्म जरिवाना गर्न सक्नेछ । सो मील चालू गरेको भए सो चालू भएको मितिदेखिको दफा ७ बमोजिम दस्तुर समेत स्थानीय अधिकारीले निजबाट असूल उपर गर्नेछ ।

(२) दफा ६ बमोजिम निकासा नलिई कसैले मील चलाउन पाएको इजाजत पत्रमा उल्लिखित अश्व शक्तिमा थप घट गरेमा अश्व शक्ति थप घट गरे वापत अनुसूची ३ बमोजिमको दस्तूर समेत असूल गरी निजलाई स्थानीय अधिकारीका आदेशले रू. १,०००।– एक हजार सम्म जरिवाना हुनेछ। र अश्व शक्तिलाई इजाजतपत्रमा उल्लेख भए बमोजिमको रूपमा कायम गर्न स्थानीय अधिकारीले आदेश दिन सक्नेछ। कुनै मीलवालाले त्यस्तो आदेशको पालन नगरेमा स्थानीय अधिकारीले सम्बन्धित मील बन्द गराउन सक्नेछ ।

(३) मील राख्न इजाजत पत्र पाएको व्यक्तिले झुट्टा रिपोर्ट दिएको ठहरेमा वा यस ऐन विरूद्ध अरू कुनै काम कारवाई गरेमा त्यस्ता इजाजत पत्रवालालाई स्थानीय अधिकारीको आदेशले रू. ५००।– पाँच सयसम्म जरिवाना हुनेछ ।

१४. अपीलः– दफा १३ बमोजिम गरिएको दण्ड सजायमा चित्त नबुझ्ने व्यक्तिले सो दण्ड सजायंको आदेश भएको मितिले ३५ दिनभित्र श्री ५ को सरकारमा अपील दिन सक्नेछ ।

१५. बचाउः– यस ऐनमा लेखिएको कुरामा सोही बमोजिम र अरूमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

263

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–१

(दफा ४ को उप-दफा (१) संग सम्बन्धित)

श्री ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

महाशय,

म हामीलाई तल लेखिए बमोजिमको मील स्थापना गर्न इच्छा भएकोले निम्नलिखित व्यहोरा खुलाई इजाजतको लागि यो दरखास्त पेश गरेको छु। गरेका छौं, सो व्यहोरा मैले। हामीले जाने बुझसम्म ठीक छः–

१. मीलको नामः–

२. लगानी हुने पूंजीः–

३. मील राख्ने ठाउँ र चार किल्लाः–

४. मील चालू गर्न प्रयोग गरिने अश्व शक्तिः–

५. विद्युत, तेल वा वास्प मध्ये कुन शक्तिबाट सञ्चालित हुने होः–

६. मीलबाट गरिने काम वा कामहरूः–

७. कुटानी पिसानी चिरानी इत्यादिको क्षमताः–

८. काम गर्नेहरूको संख्याः–

९. मील राखिने ठाउँ नेपाल अधिराज्यको सीमाना देखि कम्तीमा ३ मीलको फरकमा भए वा नभएकोः–

१०. दरखास्तवालाको नागरिकता वा दरखास्तवाला कुनै संगठित संस्था वा फर्म भए कहाँ संगठित वा दर्ता भएकोः–

मितिः– ... ... ... ... ... ... ... ... ... ... ... ... ... दरखास्तवालाको दस्तखत

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–२

(दफा ४ को उप-दफा (३) संग सम्बन्धित)

श्री ५ को सरकार

उद्योग वाणिज्य मन्त्रालय

उद्योग विभाग

मील राख्न पाउने इजाजत पत्र

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... बस्ने श्री ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

र ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...लाई ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

काम गर्न पाउने गरी... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

अश्व शक्तिको मील राख्न यो इजाजतपत्र दिइएको छ।

मितिः–... ... ... ... ... ... ... ... ... ... ... डाइरेक्टर

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–३

(दफा ७ को उप-दफा (१) संग सम्बन्धित)

(क) मील चलाउन तेल वा विद्युत शक्तिको प्रयोग भएकोमा पहिलो तीन वर्षसम्मलाई प्रत्येक अश्व शक्तिको रू. १०।– का दरले, दोस्रो ३ वर्षसम्मलाई प्रत्येक अश्व शक्तिको रू १५।– का दरले र सातौं वर्ष देखि प्रत्येक अश्व शक्तिको रू. २०।– का दरले ।

(ख) मील चलाउन वाष्प इञ्जिनको प्रयोग भएकोमा पहिलो तीन वर्षसम्मलाई प्रत्येक अश्व शक्तिको रू. ३०।– का दरले, दोस्रो तीन वर्षसम्मलाई प्रत्येक अश्व शक्तिको रू. ४५।– का दरले र सातौं वर्ष देखि प्रत्येक अश्व शक्तिको रू. ६०।– का दरले ।

लालमोहर सदर मिति २०२२।५।१४।२

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।